
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ९९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० बैशाख १० गते आइतबार ❑ 23 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गण्डकी सरकार १ सय ५ दिनमै ढल्यो

**पोखरापत्र संवाददाता**
पोखरा, ९ बैशाख

देशमा संघियता आए पनि व्यावहार त लागु गर्न नसक्दा प्रदेश सरकार पनि संघीय सरकारकै निर्देशनबाट प्रभावित हुदै आएको छ । यसको मारमा गण्डकी प्रदेश सरकार पनि परेको छ ।

गण्डकी प्रदेशमा खगराज अधिकारीको नेतृत्वमा बनेको सरकारको १ सय ५ दिनमै सरकार ढलेसंगै नयाँ सरकार सम्भवत आइतबार बन्ने भएको छ । शनिबार मुख्यमन्त्री अधिकारीले प्रदेशसभामा विश्वासको मत नपाएर पदमुक्त भएसंगै सरकार ढलेकोले नयाँ सरकार आइतबार बन्ने भएको हो । नेकपा माओबादी र कागेंसको तर्फबाट को पहिला मुख्यमन्त्री बन्ने बिषयमा छलफल नटुंगिएकोले गर्दा आइतबार सरकार बन्ने भएको श्रोतको भनाई छ । नेपाली कांग्रेस प्रदेशसभा संसदीय दलका नेता सुरेन्द्र पाण्डेले आइतबार बिहानसम्म छलफल टुंगाई आइतबारसम्म नयाँ सरकार बन्ने बताएका छन् । प्रदेश प्रमुखले कुन धारा अनुसार नयाँ सरकार गठनको प्रकृयाको लागि आव्हान गर्नुहुन्छ सोही अनुरुप आफुहरु तयारी अबस्थामा रहेको उनले जनाए । शनिबार प्रदेश सभाको बैठकमा विश्वासको मत मागेका अधिकारीको पक्षमा २४ मत परेको थियो भने उनको बिपक्षमा भने ३५ मत परेको थियो । सभामुख कृष्ण धिताल बाहेक ५९ जना प्रदेश सभा सदस्य रहेको प्रदेश सभामा अधिकारीको पक्षमा एमालेका २२ र राप्रपाका २ गरी २४ जनाले मत दिएका हुन भने उनको पक्षमा भने कागेंसको २७, माओबादीको ७ एक स्वतन्त्र गरी ३५ मत विपक्षिमा दस्तखत गरेका थिए । अब संविधानको धारा १६८ (२) अनुसार दुई वा दुई भन्दा बढी दलको सहमतिमा मिलिजुली सरकार बन्ने वा १६८ (३) अनुसार ठूलो दलको नेताको हैसियतमा कांग्रेस संसदीय दलका नेतालाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्ने यो बिषयमा प्रदेश प्रमुखले कुन निर्णय लिन्छन त्यो हेर्न समयले नै बताउला । माओबादीका प्रदेश सभाका संसदीय दलका नेता हरिबहादुर चुमानले प्रदेश सभामा मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेको कुरा प्रदेश प्रमुखको सचिवालयलाई जानकारी गराएसंगै अब संविधानको धारा १६८ (२) अनुसार दुई वा दुई भन्दा बढी दलहरु मिलेर सरकार बनाउनको लागि आव्हान हुने भएको बताए । संसदमा दुई वा दुई भन्दा बढी दल मिलेर सरकार बन्ने सम्भावना रहदासम्म ३ मा जान नसक्ने स्पष्ट भएको नेता चुमानले दाबी गर्दै सर्वोच्च अदालतले गरेको व्याख्याको आधारबाट पनि संविधानको धारा १६८ (२) सरकार गठनको लागि आव्हान हुने बताए । सदनमा वोल्दै उनले आफुले अधिकारी नेतृत्वमा ७५ दिने मन्त्री भएको उल्लेख गर्दै केन्द्र सरकारको रापताप प्रदेशमा पनि पर्ने गरेको बताए । त्यसमा आफुरुको छलफल पछि आइतबार नै सरकार बन्ने गरी जाने भएको उनले जनाए । प्रदेशमा पहिलो कार्यकाल आफ्नो पार्टी नेतृत्वमा मुख्यमन्त्री पाउनु पर्ने भन्ने दाबी रहेको नेता चुमानले बताए । को मुख्यमन्त्री बन्ने भन्ने बिषयले गर्दा सरकार गठनमा ढिलाई त हुन्न भन्ने पत्रकारको प्रश्नमा उनले आइबतारसम्म टुंगायरै सरकार गठन हुने उनले जनाए । राप्रापाका पन्चराम गुरुङले प्रदेश सभा खारेजीको माग गर्दै केन्द्र सरकारको प्रदेश सरकारहरु कठपुतली हुने गरेको दाबी गरे । प्रदेश सरकार खारेज गरे भावी पुस्ताले आफुहरुको नाम लिने उनको भनाई थियो ।



हामी अस्थिरताका कारक भएका कारण प्रदेश सरकार प्रति प्रश्न उठ्न थालेको मुख्यमन्त्री अधिकारीले बताए । विश्वासको मत माग्दै मुख्यमन्त्री खगराज अधिकारीले भने "मन बदल्नुहोस मलाई विश्वासको मत दिनुहोस, कम्तिमा पनि हामीलाई काम गर्ने समय दिनुहोस, संघमा पनि काम गरेको अनुभवले गर्दा मैले संसदीय प्रणाली बुझ्केको छु ।" नयाँ सरकारलाई रचनात्मक र सकरात्मक ढंगले सहयोग गर्ने उनले जनाए ।

## उपनिर्वाचनको सम्पूर्ण तयारी पूरा, ढुक्क भएर मतदानमा सहभागी हुन अपिल

**पोखरापत्र संवाददाता**
दमैली, ९ बैशाख

आइतबार हुने तनहुँ क्षेत्र नं १ को प्रतिनिधिसभा सदस्य उपनिर्वाचनका लागि सम्पूर्ण तयारी पूरा भएको छ । क्षेत्र नं १ अन्तर्गतका एक सय ५२ वटै मतदान केन्द्रमा आवश्यक सबै तयारी पूरा भएको निर्वाचन कार्यालय तनहुँले जनाएको छ ।

निर्वाचन कार्यालय तनहुँका प्रमुख हरिप्रसाद ढकालले निर्वाचनमा सहभागी भई मतदान गर्न सम्पूर्ण आम मतदातामा अपिल गर्नुभएको छ । भोलि बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म मतदानकार्य जारी रहनेछ । प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले भयरहित र मर्यादित तरिकाले निर्वाचन सम्पन्न गराउन सुरक्षा प्रबन्ध मजबुद बनाइएको जानकारी दिनुभयो । निर्वाचनलाई भयरहित बनाउन मतदान केन्द्रमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना परिचालन गरिएको छ । मतदानस्थललाई अतिसंवेदनशील, संवेदनशील र सामान्यरूपमा वर्गीकरण गरी सुरक्षा प्रबन्ध मिलाइएको छ ।

पृथ्वीराजमार्गको तनहुँ-१ खण्ड तथा स्थानीय राजमार्ग पूर्णरूपमा बन्द हुने भएको छ । उपनिर्वाचनको संवेदनशीलतालाई ध्यानमा राखी जिल्ला प्रशासन कार्यालय तनहुँले बिहान ५ बजेदेखि साँझ ६ बजेसम्म सबै सडकमा यातायात सञ्चालनमा रोक लगाएको हो । मुग्लिन पुलबाट व्यास नगरपालिकाको चापाघाटसम्म, डुम्रे-बैँसीसहर सडकखण्ड, आँबुखैरेनी-गोरखा सडकखण्ड, दमौली-दुईपिप्ले सडकखण्डलगायत सम्पूर्ण स्थानीय सडकमा यातायात बन्द रहने प्रमुख जिल्ला अधिकारी रिजालले जानकारी दिनुभयो । तनहुँ जिल्ला भएर सञ्चालन हुने रात्रिबस बिहान ४ बजेअगावै जिल्ला पार गरिसक्न प्रशासनले आग्रह गरेको छ ।

उक्त दिन दमकल, एम्बुलेन्स, खानेपानी ट्याङ्कर, दूधबोक्ने सवारीसाधन, शववाहन, फोहरमैला ओसार्ने सवार ीसाधन, अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी, अस्पतालको पत्रसहित चलेको सवारीसाधन र सूचना तथा प्रसारण विभागबाट जारी प्रेसपास भएको पत्रकार चढेको सवारी भने निर्वाध सञ्चालन हुनेछ ।

तनहुँ क्षेत्र नं १ को उपनिर्वाचनका लागि एक लाख २३ हजार तीन सय पाँच मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय तनहुँले जनाएको छ । यो निर्वाचन क्षेत्रमा व्यास नगरपालिकाका ५ र ६ बाहेक १२ वडा, देवघाट गाउँपालिका, आँबुखैरेनी गाउँपालिका, बन्दीपुर गाउँपालिका र भानु नगरपालिका पर्दछ ।

## धवलागिरि हिमालमा एक बेपत्ता, दुईको उद्धार

**पोखरापत्र संवाददाता**
म्याग्दी, ९ बैशाख

म्याग्दीस्थित धवलागिरि हिमालमा एक जना भरिया बेपत्ता भएका छन् भने दुई जनाको सकुशल उद्धार गरिएको छ ।

आठ हजार एक सय ६७ मिटर अग्लो धवलागिरि हिमाल म्याग्दीको धवलागिरि गाउँपालिकाको वडा नं ४ मा अवस्थित छ । धवलागिरि आधार शिविरमा आरोहीको सामान पुर्‍याएर फर्कने क्रममा शुक्रबार साँझ उनीहरू हिउँ पहिरोमा पुरिएका थिए ।

बेपत्ताको खोजीका लागि शनिबार हेलिकोप्टरमार्फत धवलागिरि आधार शिविर पुगेर फर्कनुभएका म्याग्दी दानाका इन्द्रसिंह शेरचनका अनुसार सोलुखुम्बुको सोलदूधकुण्ड नगरपालिका-१ नुथला फुलेली गाउँका २० वर्षीय अमृत राई बेपत्ता भएका हुन् ।

अमृतसँगै बेपत्ता भएका सोही ठाउँका धिरज राई र अर्जुन राईको शनिबार शेर्पाहरूको टोलीले सकुशल उद्धार गरेर इटली आधार शिविरमा पुर्‍याइएको शेरचनले जानकारी दिनुभयो । उनीहरू सेभेन समिट ट्रेक काठमाडौँबाट भरियाका रूपमा आधार शिविरमा आएका थिए । जापानिज आधार शिविर नजिकै हिउँपहिरामा परेका थिए ।

## पोखरा-नेपाल पर्यटन प्रवर्द्धन अभियान : प्रवर्द्धनात्मक सामग्री वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, ८ बैशाख

नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स(नाट्टा) गण्डकी प्रदेशको आयोजना एवम् पोखरा महानगरपालिकाको सहयोगमा भारतका प्रमुख सहरमा गरिएको पर्यटन प्रवर्द्धन पोखरा सहित समग्र नेपालको पर्यटकीय सम्भावना बढाउँदै सकिएको छ ।

कोभिड-१९ को प्रभाव एवं अन्य विभिन्न घटनाक्रमले पर्यटन क्षेत्र प्रभावित भइरहेका अवस्थामा नेपालको लागि महत्वपूर्ण पर्यटन स्रोत बजार भारतको पटना, बाराणासी, अयोध्या र गोरखपुरलगायतका सहरमा प्रवर्द्धनात्मक कार्यक्रम गर्ने लक्ष्यका साथ यही वैशाख ३ गते प्रस्थान गरेको २३ सदस्यीय टोलीले प्रवर्द्धन सक्दै शुक्रबार फर्किएको नाट्टा गण्डकी प्रदेशका अध्यक्ष हरिराम अधिकारीले जानकारी दिनुभयो । 'पोखरा-नेपाल पर्यटन प्रवर्द्धन अभियान तथा बिटुबी भेट २०२३' नामक कार्यक्रमका क्रममा पटना, बाराणासी, अयोध्या र गोरखपुरमा त्यहाँस्थित पर्यटन सम्बद्ध सरकारी, निजी संस्थाका प्रतिनिधि, ट्राभल्स टुर्स अपरेटर र पत्रकारसँग छलफल एवं अन्तर्क्रिया गरिएको उहाँले बताउनुभयो । "प्रवर्द्धनका क्रममा पोखरा र गण्डकी प्रदेशका पर्यटकीय गतिविधि समेटिएको श्रव्यदृश्य र त्यसको बारेमा जानकारी दिने प्रवर्द्धनात्मक सामग्री वितरण गर्‍यौँ", उहाँले भन्नुभयो, "उक्त क्रममा भारतका आम सर्वसाधारणलाई पोखरा र नेपाल भ्रमण गर्न सुरक्षित र उपयुक्त रहेको जनाउँदै भ्रमणका लागि अनुरोध गरेका छौँ ।" कार्यक्रमले पोखरासहित समग्र नेपालको पर्यटनमा महत्वपूर्ण योगदान पुगेको बताउँदै उहाँले आगामी दिनमा ती क्षेत्रबाट पर्यटकको आगमन बढ्ने आशा जगाएको बताउनुभयो । अन्तर्क्रिया एवं व्यवसायी व्यवसायीबीचको भेटघाट(बिटुबी) का क्रममा भारतीय पर्यटकले पोखरा घुम्नका लागि राम्रो गन्तव्य भए पनि त्यहाँसम्म पुग्ने बाटोका अवस्था दयनीय भएको बताए ।

टुरिजम एसोसिएसन अफ विहारका सचिव प्रकाश चन्द्रले हवाई सम्पर्क सुरु नभएको र बाटो निर्माणको काम भइरहँदा पोखरा जान असहज भएको बताउनुभयो । "यहाँबाट पर्यटकलाई पोखरा लैजाने कुरामा कुनै द्विविधा छैन", उहाँले भन्नुभयो, "पोखरासँगको कनेक्टिभिटीलाई प्राथमिकता दिनु जरुरी छ । कार्यक्रमले पोखरासहित समग्र नेपालको पर्यटनमा योगदान पुगको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ बताउनुहुन्छ । भारतीय पर्यटकका तर्फबाट उठाइएका कनेक्टिभिटी एवं पूर्वाधार विकासका कुरामा सरकारले ध्यान दिनु जरुरी रहेको उहाँले बताउनुभयो ।

"नेपालका लागि भारत नै पर्यटनको प्रमुख स्रोत हो", उहाँले भन्नुभयो, "भारतीय पर्यटकको आगमन बढाउन सकेमा त्यसले यहाँको पर्यटनमा महत्वपूर्ण टेवा पुग्दछ ।" बनारसका वरिष्ठ पर्यटन व्यवसायी सन्दीप पटेलले पोखरा सबै मौसमका लागि घुम्न सकिने गन्तव्य भएको बताउँदै कनेक्टिभिटी नै यहाँको प्रमुख आवश्यकता भएकोमा जोड दिनुभयो । "पोखरा र बनारस दुवै धार्मिकरुपमा पुग्नैपर्ने गन्तव्य हुन्", उहाँले भन्नुभयो, "यी दुवै गन्तव्यलाई साझेदारीका माध्यमबाट धार्मिक पर्यटकीयरुपमा पनि जोड्न सकिन्छ ।" पोखरा र वनारसको पर्यटकीय साझेदारी अपरिहार्य भएकोमा उहाँले जोड दिनुभयो । नाट्टा गण्डकी प्रदेशका महासचिव सङ्गीता पौडेलले कार्यक्रमका क्रममा पोखरा धार्मिक साहसिक, सांस्कृतिक र मनोरञ्जनका लागि पनि महत्वपूर्ण सहर हो भन्ने सन्देश प्रवाह गरिएको बताउँदै प्रवर्द्धनले यहाँको सम्भावनालाई उजागर गरेको बताउनुभयो । विश्वमै धार्मिक महत्व बोकेको शालिग्राम पाइने क्षेत्रका रुपमा गण्डकी प्रदेशको प्रवर्द्धन गरिएको थियो । उक्त क्रममा भारतीय पर्यटकले भारत ल्याइएको देवशिलाले दबै देशबीचको सम्बन्धलाई अझै बलियो बनाएको धारणा राखेका थिए । उत्तर प्रदेश पर्यटन विभाग, अयोध्याका उपनिर्देशक आरपी यादवले पोखरासँगको पर्यटकीय साझेदारी बढाउने कुरामा आफूहरू सधैँ तयार रहेको धारणा राख्नुभयो । कार्यक्रममा भारतबाट आउने पर्यटकले सीमा क्षेत्रमा पाउने गरेका समस्याका बारेमा पनि जिज्ञासा राखिएको थियो । गोरखपुरमा आयोजित कार्यक्रममा त्यहाँका व्यवसायीले दामोदरकुण्डको यात्रालाई सहज र व्यवस्थित बनाएमा भारतबाट अत्यधिक पर्यटक भित्रने विश्वास व्यक्त गरे । भारतीय सहरको पर्यटन प्रवर्द्धनले पोखराको पर्यटन प्रवर्द्धनमा योगदान पुगेको पोखरा महानगरपालिका पर्यटन विकास समितिका उपाध्यक्ष रवीन्द्रराज पौडेलले बताउनुभयो । पर्यटकीय साझेदारी, कनेक्टिभिटीलगायतमा भारतीय पर्यटकबाट महत्वपूर्ण सुझाव प्राप्त भएको र त्यसलाई आत्मसात् गर्दै अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो । प्रवर्द्धनमा पोखराबाट छोटो दूरीमा नै विश्वकै आठ हजार मिटरभन्दा बढी उचाइका हिम शृङ्खलाको अवलोकन गर्न सकिने जानकारी गराइएको कार्यक्रम संयोजक एवं नाट्टा गण्डकी प्रदेशका प्रथम उपाध्यक्ष किशोर दाहालले जानकारी दिनुभयो । भारतीय सहरमा गरिएका छुट्टाछुट्टै कार्यक्रम एवं बिटुबी उपलब्धीमूलक बनेको उहाँले जानकारी दिनुभयो ।




# पोखरा म्याराथनमा ४ लाख ४१ हजार आम्दानी

पोखरापत्र संवाददाता
पोखरा, ९ बैशाख

१७ औं सस्करणको पोखरा अन्तर्राष्ट्रिय म्याराथनबाट ६१ लाख ६१ हजार ३ सय ७३ रुपैया आम्दानी भएको छ।

गत फागुन ६ गते सम्पन्न म्याराथनमा विभिन्न प्रायोजक र सहयोगी संघ संथाहरुबाट उक्त रकम आम्दानी भएको नेपाल भूतपूर्व खेलाडी मञ्चको शनिबार पोखरामा सम्पन्न भएको १२ औं वार्षिक साधारण सभा तथा २२ औं स्थापना दिवसको अवसरमा जनाएको हो।

उक्त प्रतियोगिता सम्पन्न गर्न पुरस्कारको नगद राशि सहित ५७ लाख १९ हजार ७ सय ८५ रुपैया खर्च भएको भएको मञ्चका कोषाध्यक्ष महेश पौडेलले बताए। मञ्चले उक्त प्रतियोगिताबाट ४ लाख ४१ हजार ५ सय ८८ रुपैया बचत गर्न सफल भएको उनले जनाए । १७ औं संस्करणमा भने मञ्चले प्रथम पुरस्कार ५ लाख सहित विभिन्न विधागत पुरस्कारमा मात्र १७ लाख ५२ हजार खर्च गरेको थियो । उक्त प्रतियोगितालाई थप प्रभावकारी बनाउन पुरस्कारको कुल राशी २५ लाख पुऱ्याउने घोषणा गरेको छ । साधारण सभा तथा २२ औं स्थापना दिवसको अवसरमा मञ्चले १८ औं संस्करणको तयारी थालेको घोषणा गरेको छ।



मञ्चले आफ्नै भपन बनाउनको लागि हाल जग्गाको खोजि गरेको मञ्चका अध्यक्ष हरि पराजुलीले बताए । उनले भने “हामीसंग अब भवन बनाउने सहयोग जुट्ने धेरै आधारहरु छन्, मात्र हामीलाई जग्गा आवश्यक पर्यो, केही ठाँउमा जग्गा खोजि गर्दै गरेका छौं हालसम्म टुंगिएको भने छैन् । ” मञ्चले अब एथ्लेटिक्स खेलको प्रबर्द्धन गर्न प्रशिक्षक र खेलाडी उतपादन गर्ने तर्फ बिषेश कार्यक्रम ल्याउने भएको महासचिव कृष्ण तिमिल्सिनाले बताए । यसैबिच, उक्त साधारण सभाको उद्घाटन गर्दै नेपाली सेना पश्चिम पृतना हेड क्वाटरका उपरथी दिपक कुमार बानियाले मञ्चले गरेको कार्य अनुकरणीय भएकोले अन्य प्रदेशहरुले समेत अनुशरण गर्न सकिने बताए। प्रदेश खेलकुद परिषदका का.वा.सदस्य सचिव घनश्याम पौडेलले खेलकुदमा संघियता नआएको गुनासो गरे । यही वैशाख ११ र १२ गते प्रदेश स्तरिय राष्ट्रपति रनिङ शिल्ड पोखरामा हुने भएको उनले बताए । मञ्चका पूर्व अध्यक्ष एवं परिषदका निवर्तमान सदस्य सचिव तेज बहादुर गुरुङले मंचको कार्यक्रमले पोखराको खेल पर्यटनमा थप टेवा पुगेको बताए । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालले पोखराको ब्राण्डको रुपमा पोखरा सफल म्याराथन पनि एक भएको उल्लेख गर्दै खेलगतिविधिले गर्दा खेलाडी र खेलको प्रबर्द्धन हुने बताए । यही वैशाख २३ गते पोखरा सभागृहमा हुने सातौं पोखरा स्पोर्ट्स अवार्डमा सहभागिताको लागि खेलकुदकर्मीलाई उनले निम्तो समेत दिए । मञ्चका अध्यक्ष हरिप्रसाद पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा मञ्चका संस्थापक अध्यक्ष खड्ग बहादुर रानाभाट, मञ्चका प्रथम उपाध्यक्ष दिल बहादुर गुरुङ लगायतले खेलकुदको विकासमा सहकार्य र एकता आवश्यक भएकोमा जोड दिए । कार्यक्रममा मञ्चका आजिवन सदस्य स्व.पदम बहादुर कार्की, स्व.योगेन्द्र बहादुर बस्नेत र स्व.अमर तुलाचनलाई मरणोपरान्त सम्मान गरिएको थियो।

# आँधीखोला तमु समाजमा एक हप्ते तालिम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ९ बैशाख

मनखुशी फाउण्डेशन, गण्डकी प्रदेशको आयोजनामा बोल्ने कला तथा क्षमता अभिवृद्धिसम्बन्धी एक हप्ते तालिमको शनिबार समापन गरिएको छ।

आँधीखोला तमु समाजको व्यवस्थापन र जय भूपू सैनिक सुनचाँदी पसल, चिप्लेढुंगाको सहयोगमा सञ्चालित सो तालिममा २५ जना प्रशिक्षार्थी सहभागी थिए । आँधीखोला तमु समाजको सभाहलमा भएको तालिममा पत्रकार रूद्रबहादुर श्रीसले सहजीकरण गर्नुभएको थियो । तालिमको समापनमा बोल्दै पोखरा महानगरपालिका वडा नं. १५ का कार्यवाहक वडाध्यक्ष बलराम पौडेलले भौतिक विकाससँगै मानिसको सकारात्मक सोंच र क्षमता विकासमा पनि वडाले बजेट विनियोजन गर्दै आएको बताउनुभयो । वडाबासीको व्यक्तित्व र नेतृत्व विकासका लागि वडाले विशेष जोड दिएको बताउँदै कावा वडाध्यक्ष पौडेलले वडाबासीको आवश्यकता हेरेर बजेटको व्यवस्थापन गर्दै आएको उल्लेख गर्नुभयो । मनखुशी फाउण्डेशन, गण्डकी प्रदेशकी अध्यक्ष काशी गुरुङले आँधीखोला तमु समाजका सदस्यको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्न पाउँदा खुशी लागेको बताउनुभयो । आगामी दिनमा पनि समाजसँग सहकार्य गर्ने वचन दिँदै अध्यक्ष गुरुङले तालिम सञ्चालनका लागि जय भूपू सैनिक सुनचाँदी पसलले महत्वपूर्ण योगदान दिएको भन्दै धन्यवाद व्यक्त गर्नुभयो । जय भूपू सैनिक सुनचाँदी पसलका सञ्चालक एवं सफल व्यवसायी कमलमान सुनारले आँधीखोला समाजका सदस्यको क्षमता अभिवृद्धिका लागि केही सहयोग गर्न पाएकोमा आफूलाई भाग्यमानी ठानेको भनाइ राख्नुभयो । त्यसैगरी, तालिमका प्रशिक्षक पत्रकार रूद्रबहादुर श्रीसले तालिममा सहजीकरण गर्ने अवसर पाएकोमा आयोजकप्रति धन्यवाद दिँदै तालिममा सिकेका कुरालाई व्यवहारमा लागू गर्न सके तालिम सार्थक बन्ने धारणा व्यक्त गर्नुभयो । आँधीखोला तमु समाजका अध्यक्ष नरबहादुर गुरुङले तालिममा देखिएको उपलब्धीले आफू खुशी भएको भन्दै समाजलाई अघि बढाउन आगामी दिनमा सहज हुने विश्वास व्यक्त गर्नुभयो । समाजका प्रमुख सल्लाहकार रुकबहादुर गुरुङले तालिमका प्रशिक्षार्थीमा देखिएको विकासले आफू निकै नै प्रफुल्लित भएको बताउनुभयो। आँधीखोला तमु समाज, आमा समूहकी अध्यक्ष खेमसरी गुरुङको अध्यक्षतामा भएको समापन कार्यक्रममा प्रशिक्षार्थीहरू लीलबहादुर गुरुङ, तुलमाया गुरुङ, सुबेदार लीलबहादुर गुरुङ, मेलिना गुरुङ, हुमबहादुर गुरुङ, गोमा गुरुङ, शंकर गुरुङ, तिलकुमारी गुरुङ, मनमाया गुरुङ, सुबेदार धनबहादुर गुरुङ, सनिसरा गुरुङ, टौमाया गुरुङले तालिमको अनुभव व्यक्त गर्नुभएको थियो।




# गण्डकी प्रदेशको सदस्य सचिव नियुक्त प्रकृया झन पेचिलो

पोखरापत्र संवाददाता
पोखरा, ९ बैशाख

गण्डकी प्रदेशको प्रदेश खेलकुद परिषदको सदस्य सचिव नियुक्त प्रकृया झनै पेचिलो भएको छ । तत्कालिन गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्ण चन्द्र नेपाली पोखरेलको पालामा हुन नसकेको उक्त नियुक्ति दोश्रो सरकार खगराज अधिकारी नेतृत्वको सरकारको पालामा झनै पेचिलो भएको छ।

सदनबाट विश्वासको मत प्राप्त गर्न नसकेका कारण शनिबारबाट पदमुक्त भएका मुख्यमन्त्री अधिकारीले आफ्नो १ सय ५ दिने सरकार संचालनको क्रममा १२ मन्त्रालयबाट ७ मा झारेको बिषयले वा वा पाएको अबस्थामा भने खेदकुद क्षेत्रमा राम्रोसंग नबुझि सदस्य सचिवमा नियुक्ति गरेको बिषयले हाल अर्को ढंगबाट हेर्न थालिएको छ । शुक्रबार पत्रकार सम्मेलनमै मुख्यमन्त्री अधिकारीले सदस्य सचिव विधिपूर्वक नियुक्त गरेको प्रतिकृया दिए पनि हाल नियुक्त भएका व्यक्ति सरकारी कर्मचारी भएको श्रोतको दाबी छ। काठमाण्डौं महानगर ३२ का विरेन्द्र खड्कालाई प्रदेश खेलकुद परिषदको सदस्य सचिवमा नियुक्त गरेको स्वयम खड्काले स्विकार्यकाछन्। सदस्य सचिवा नियुक्ति भएका खड्कालाई हामीले बधाई दिदा उनले धन्यवाद दिदै अब वैशाख पछि आफ्नो घरयासी काम सकेर पोखरा आउने प्रतिकृया समेत दिएका छन्। उनका आफन्तको फेसवुक स्टाटसरमा भने विरेन्द्र खड्कालाई नेपाल कृषि अनुसन्धान परिषदको मुख्य प्रशासकीय अधिकृतमा बढुवा भएको बधाई ज्ञापन समेत दिएको देखिन्छ । सदस्य सचिव नियुत्त गर्दा सार्वजनिक पद धारणा नगरेको हुनुपर्ने प्राबधानले गर्दा पोखराका कृष्ण तिमिल्सिनालाई अन्तरवार्ता र प्रस्तुतीःकरणबाट बन्चित गरिएको थियो। यसैबिच सार्वजनिक पद प्राप्त गरेका बरिष्ठ अधिकृत बिरेन्द्र खड्काको कुनै पनि वेला नियुक्ति हुन सक्ने भएकाले तत्काल निजको फाइल झिकाई उल्लेखित ऐन र अदालतको अन्तरिम आदेश विपरित नियुक्तिको सिफारिस गर्ने कार्यमा संलग्नहरुलाई कार्रवाहीको माग समेत गरेका छन्।

गण्डकी प्रदेशमा प्रदेश खेलकुद परिषदको सदस्य सचिव नियुक्ति प्रकृयामा उम्मेदवार भएका १३ जना मध्य ४ जनाले मात्र प्रस्तुतीकरण तथा अन्तरवार्ता दिएका थिए । परिषदको सदस्य सचिवको उम्मेदवार भएका ५ जना अयोग्य भए भने ४ जनाले प्रस्तुतीकरण तथा अन्तरवार्ता दिनै आएनन् । मध्यविन्दु नगरपालिका २, नवलपुरका श्रीधर शर्मा सिफारिस समितिले दिएको नाम पहिलो लिस्टमा भएको श्रोतको भनाई छ। भक्तपुर नगरपालिका २ का मुना बासु कला, काठमाण्डौं महानगर ३२ का विरेन्द्र खड्का र पोखराका बिष्णु पुनले आफ्नो कार्ययोजना सहितको प्रस्तुतीकरण तथा अन्तरवार्ता दिएका थिए । कावासोती नगरपालिका १४ नवलपुरका सरोज महतो, मध्यविन्दु ३ नवलपुरकै हरिकुमार चौधरी, पोखरा १२ कास्कीका कविता कोइराला र पोखरा २५ का मनिषा अधिकारी आइतबार आफ्नो प्रस्तुतीकरण सहित अन्तरवार्ता दिन सहभागि भएनन्। प्रस्तुतीकरण तथा अन्तरवार्ता दिएयकाहरु मध्य केहीको राष्ट्रिय स्तरमा खेलेको र कुनै खेलको राष्ट्रिय प्रतिनिधि वा सदस्य नभएको एक उम्मेदवारले दाबी गरे । कार्यविधिमा राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल खेलेको वा राष्ट्रिय प्रतिनिधि एवं केन्द्रिय सदस्य मध्य एक भएको भन्ने कुरा उल्लेख भएको का.वा.सदस्य सचिव घनश्याम पौडेलले जनाए। यसैबिच युवा संघ नेपाल गण्डकी प्रदेश कमिटिले कामचलाउ सरकारले परिषदको सदस्य सचिव जस्तो बिषयमा नियुक्ति गर्न आग्रह गरेको थियो।

उच्च अदालत पोखराले मिति २०७९/१२/१७ गते प्राप्त पत्रसंग सम्लग्न आदेश अनुसार अन्तरवार्ता वा कार्ययोजना प्रस्तुतिकरणका लागि योग्यता परिक्षण सम्बन्धी प्रारम्भिक छनौट गर्दा ५ जनालाई योग्यता नपुगेको भनि उल्लेख गरेको थियो। बागलुङ नगरपालिका १ का महेन्द्र प्रसाद कँडेल, पोखरा १२ का डिलाराम लामिछाने, पोखरा १० का कृष्ण शर्मा तिमिल्सिना, पर्वत फलेवास ११ का केशव पाठक र मोदी २ पर्वतका प्रेम शर्मा सुवेदीको परिषदको सदस्य सचिव पदमा उमेदवार दिएका उनीहरुको योग्यता नपुगेकोले अन्तरवार्ता तथा कार्ययोजना प्रस्तुतीकरण गर्न बन्चित भए।

# नेपाल मगर संघ, नमुना इकाई समितिको आठौं वार्षिक साधारणसभा

पोखरापत्र संवाददाता
पोखरा, ९ बैशाख

नेपाल मगर संघ, नमुना इकाई समिति, पोखरा-१४, चाउथेको आठौं वार्षिक साधारणसभा, शुभकामना आदानप्रदान तथा भित्तेपात्रो विमोचन कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा बोल्दै नेपाल मगर संघ, कास्कीकी अध्यक्ष संगीता पुनमगरले हरेक इकाईदेखि नै मगर जातिलाई एकताबद्ध बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो । मगर जातिको पहिचानका रुपमा रहेका भाषा, संस्कृति र भेषभूषाको संरक्षणका लागि राज्यलाई अग्रसर गराउनुपर्ने आवश्यकता रहेको भन्दै उहाँले नीति निर्माण तहसम्म मगर जातिको सहभागिता नभएसम्म जातीय पहिचान स्थापित गर्न गाह्रो हुने भनाइ राख्नुभयो।

नेपाल मगर महिला संघ, कास्कीकी अध्यक्ष नुनु रानामगरले मगर जातिको भेषभूषा संरक्षणमा मगर महिलाको महत्वपूर्ण भूमिका रहेको भन्दै महिलाहरूको अग्रसरताले भाषा, संस्कृति र भेषभूषा संरक्षणमा टेवा पुगेको उल्लेख गर्नुभयो । नेपाल मगर पत्रकार संघका केन्द्रीय उपाध्यक्ष एमबी आस्था मगर, नेपाल मगर लेखक संघका केन्द्रीय सचिव रूद्रबहादुर श्रीसमगर, नेपाल मगर संघ, पोखरा महानगर समितिका अध्यक्ष ओम श्रीसमगरले राज्यका हरेक निकायमा मगर जातिको पहुँच बढाउन मगर संघले अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो । नेपाल मगर संघ, नमुना इकाई समितिका अध्यक्ष प्रकाश पुनमगरको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल मगर संघ, कास्कीका भाषा तथा शिक्षा विभाग प्रमुख शिव थापामगर, कदममार्ग चाउथे इकाई समितिकी अध्यक्ष सुनमाया आलेमगर, छिनेडाँडा इकाई समितिका अध्यक्ष दलबहादुर थापामगर, नमुना इकाई समितिका उपाध्यक्ष हेमन्त रेगामीमगर, सचिव दिलु पुनमगर, नेपाल मगर पत्रकार संघ, कास्कीकी अध्यक्ष विनु मसराङ्गीमगरलगायतले मगर जातिको हक, हित र अधिकारका लागि एकजुट हुनुपर्नेमा जोड दिएका थिए।




प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति भाद्र २ गते शनिबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म


माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# ढल्यो गण्डकीको एमाले सरकार

एमाले नेतृत्वको गण्डकी प्रदेश सरकार ढलेको छ । मुख्यमन्त्री खगराज अधिकारीले प्रदेशसभाबाट विश्वासको मत पाउन नसकेसँगै उनी नेतृत्वको सरकार ढल्न पुगेको हो । माओवादी केन्द्रले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि संवैधानिक प्रावधानका कारण अधिकारीले शनिबार प्रदेशसभाबाट विश्वासको मत लिएका थिए ।

विश्वासको मत लिँदा उनले जम्मा २४ मत मात्रै पक्षमा पाए । यस्तै विपक्षमा ३५ मत पर्यो । प्रदेशसभामा भएको भोटिङमा जम्मा ५९ मत खसेको थियो । ६० सदस्यीय प्रदेश सभामा विश्वासको मतका लागि ३१ सांसदको समर्थन आवश्यक हुनेमा मुख्यमन्त्री अल्पमतमा परेका हुन् । यससँगै विश्वासको मतसम्बन्धी मुख्यमन्त्रीको प्रस्ताव अस्वीकृत भएको सभामुखले घोषणा गरे । अधिकारी गत पुस २५ गते एमालेसहित, नेकपा माओवादी केन्द्र र राष्ट्रिय प्रजातन्त्र पार्टीको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त भएका थिए । तर, केन्द्रमा एमालेसहितको गठबन्धन परिवर्तन भएपछि गण्डकीमा समेत गठबन्धन परिवर्तन भएको थियो ।

गण्डकी प्रदेशमा गत चैत १० गते माओवादी केन्द्रले मुख्यमन्त्री अधिकारी नेतृत्वको सरकारबाट हटेर सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो । पुस २५ गते गण्डकीको मुख्यमन्त्री बनेका अधिकारीको माओवादीसँग सत्तायात्रा पनि लामो हुन पाएन । प्रदेश सरकारप्रति जनतामा देखिएको चरम निराशालाई कम गर्न अधिकारी नेतृत्वको सरकारले सुरुमै प्रदेशमा मन्त्रालयको संख्या १२ बाट ७ मा झारेर राम्रो सन्देश दिएका थिए । अधिकारीले दीर्घकालीन छाप राख्ने अरु काम गर्न पाएनन् । काङ्ग्रेस माओवादी गठबन्धनका कृष्णचन्द्र नेपाली पोखरेल नेतृत्वको सरकारले मन्त्रालयको संख्या ७ बाट बढाएर १२ वटा पुर्याइएको थियो । करको दर बढाएर जनताको ढाड सेक्ने काम भएको थियो । निर्वाचनमा जनताले मतबाट कर प्रसादहरुलाई पाखा लगाउने भएको छ ।

अब संविधानको धारा १६८ को ३ अनुसार प्रदेश सभाको सबैभन्दा ठूलो दलको नेतृत्वमा सरकार बन्नेछ । ६० सदस्यीय गण्डकी प्रदेश सभामा २७ सांसद रहेको कांग्रेस सबैभन्दा ठूलो दल रहेको छ । आइतबारसम्ममा नयाँ सरकार बन्नेमा नेपाली कांग्रेसका संसदीय दलका नेता सुरेन्द्र पाण्डे ढुक्क छनन्। प्रदेश प्रमुखले छिट्टै सरकार गठनको आह्वान गर्ने र आइतबारसम्म नयाँ सरकार बन्ने काङ्ग्रेस । 'प्रदेश प्रमुखले संविधानअनुसार सरकार गठनको आह्वान गर्नुपछी दोस्रो कुरा भनेको गठबन्धन दलहरुबीचको सहमतिको कुरा हो ।' कांग्रेसले आफ्नै नेतृत्वमा अब सरकार बन्ने दाबी गरेको छ ।

नेकपा माओवादी केन्द्र संसदीय दलका नेता हरिबहादुर चुमानले मुख्यमन्त्रीको आइतबारसम्म लाग्ने बताएका छन् । अब नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्र मिलेर सरकार बनाउने विश्वासको मत लिने काम चलिरहनेछाआलोपालो आफूले सरकारको नेतृत्व दावी 'कांग्रेस-माओवादीबीच मुख्यमन्त्रीले आलोपालोको सहमति भएको र पहिल माओवादी केन्द्रको दावी भए पनि काङ्ग्रेसले सजिलै दिने अवस्था छैन ।प्रदेश सरकार अस्थिर बनाउने काम हो ।कहिले एमालेसँग कहिले काङ्ग्रेससंग मिल्ने कुनै अडान नहुँदा प्रदेश अस्थायी हुने र काम नहुने अवस्था छ। बलियो शक्ति मिलेर स्थिरता दिन नसके एक महिना ,१०० दिन र छ महिनाको बीचमा सरकार बन्ने ढल्ने क्रम रोकिने छैन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मन चञ्चल | मीन | : मानसिक तनाव |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पुस्तक नपाउने समस्या अन्त्य भयो : नेता पौडेल

**पोखरापत्र संवाददाता**
बागलुङ, ९ बैशाख

नेकपा (माओवादी केन्द्र) का सचिव तथा पूर्वशिक्षामन्त्री देवेन्द्र पौडेलले शैक्षिकसत्रको सुरुमै विद्यार्थीका हात-हातमा पुस्तक हुनु सरकारको मुख्य उपलब्धि रहेको बताउनुभयो ।

आफू शिक्षामन्त्री भएको नौ महिनामा नेपालका धेरै विद्यालयमा पूर्वाधार निर्माण भएको भन्दै अबको आवश्यकता शैक्षिक सुधार रहेको बताउनुभयो । आज बागलुङ नगरपालिका-९ तित्याङ र बागलुङ नगरपालिका-१० भकुण्डे जोड्ने रिट्टेखोला झोलुङ्गे पुलको उद्घाटनपछि बोल्दै पौडेलले समग्र बागलुङको विकासका लागि आफू खटिएको बताउनुभयो ।

उहाँले शैक्षिकसत्र सुरु भएको छ महिना बित्दासमेत विद्यार्थीका हातमा पुस्तक नपुग्ने समस्या सधैका लागि अन्त्य भएको बताउँदै जनक शिक्षा सामग्रीलाई परिमार्जन गर्नुको विकल्प नभएको बताउनुभयो ।

"हाम्रै पार्टीको सरकार छ, अहिले शैक्षिकसत्र अगावै विद्यार्थीका हातमा पुस्तक पुग्नु सरकारको उपलब्धि हो", सङ्घीय सांसदसमेत रहनुभएका पौडेलले भन्नुभयो, "आफू शिक्षामन्त्री हुँदा जनक शिक्षा सामग्रीमा नयाँ छपाइ औजार ल्याएकाले सम्भव देखिएको हो ।"

नेता पौडेलले अहिलेको सरकारले सुशासन, रोजगारी सिर्जना र भौतिक संरचनालाई प्राथमिकता दिएर बजेट निर्माणको तयारीमा लागेको बताउनुभयो। सामुदायिक विद्यालय सुधार योजना अहिले कार्यान्वयन भइरहेको बताउँदै पूर्वमन्त्री पौडेलले अब भौतिक पूर्वाधारपछि गुणस्तरीय शिक्षाको विकासमा अहिलेको सरकार लाग्नुपर्ने आफूले सुझाव दिएको बताउनुभयो ।

बागलुङको प्रतिनिधि भएर दोस्रोपटक संसद् छिरेको भन्दै पौडेलले बागलुङका अधिकांश ठूला सडकका योजना अगाडि बढेको जानकारी दिनुभएको थियो । झोलुङ्गे पुलको जिल्लामा बागलुङ नगरपालिकाको तित्याङबाट भकुण्डे पुग्ने अर्को नयाँ झोलुङ्गे पुल थपिँदा स्थानीयलाई राहत भएको बताउनुभयो ।

# फेकोफन स्याङ्जाको अध्यक्षमा तारा

**पोखरापत्र संवाददाता**
पोखरा, ९ बैशाख



सामुदायिक वन उपभोक्ता महासंघ नेपाल स्याङजाको छैठौ अधिवेशनले तारा शर्माको अध्यक्षतामा नयाँ कार्य समिति चयन गरेको छ ।

चारवर्षे कार्यकाल रहेको सो समितिको उपाध्यक्षमा दिपेन्द्र गैरे, सचिव खगेन्द्र पौडेल, सहसचिव यज्ञ प्रसाद पाठक, कोषाध्यक्षमा तिलकुमारी रेग्मी निर्वाचित हुनु भएको छ । त्यसैगरि सदस्यहरुमा डिल्लिराम भण्डारी, गोकुलराना, बलराम गिरी, सन्जु विश्वकर्मा, पर्वत आम्वा, सूर्यन्द्र प्रसाद रेग्मी, देवीकुमारी सिग्देल, नारेन्द्र बहादुर के.सी. बुद्धि विश्वकर्मा, सन्तोषी शाही, विमला खत्री, दिपेन्द्र सुवेदी,झंकनाथसुवेदी,दुर्गानेपाली, यदुराज उपाध्याय,केदारनाथ पौडेल, डिलमाया रेग्मी र सुमित्रा पौडेल रहनु भएको छ ।

सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय अध्यक्ष भारती पाठकले अधिवेशनको उद्घाटन गर्दै मुलुकमा वन पैदावार उपयोग गर्न सहज नितीको खाँचो औल्याउनु भयो । जिल्ला महासंघ श्याङजाको छैठौ अधिवेशनको आज उद्घाटन गर्दै उहाँले सामुदयिक वन पैदावार निकासीमा कानूनी अड्चनको कारण हरियो वन समृद्धिको आधार बन्न नसकेको स्पष्ट पार्नुभयो । "सामुदायिक वन उपभोक्ता महासंघ धर्म, विचार र भूगोलको हिसावले प्रतिनिधित्व गर्ने संगठन होइन" उहाँले भन्नुभयो, वन क्षेत्रमा वहुमुल्य काठ, जडिवुटी कुहिएर खेर जाने र खरवौ रुपैयाको काठ आयात गर्ने प्रवृतिको अन्त्य हुनुको विकल्प छैन । महासंघले स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनु पर्नेमा जोड दिँदै आएको उल्लेख गर्दै उहाँले वन पैदावार उपयोग गर्ने निती निर्माणमा तिनै तहका सरकार जिम्मेवार हुनु पर्नेमा जोड दिनुभयो । निकुञ्ज र संरक्षण क्षेत्र विस्तार होईन, प्राकृतिक श्रोतको संरक्षण, प्रवद्धन र उपयोग स्थानीय जनसमुदायको मौलिक अधिकार सुनिश्चित गर्नुपर्नेमा उहाँको जोड थियो । गण्डकी प्रदेश सभा सदस्य सुधिर पौडेलले महासंघ राजनैतिक परिवर्तनको पहिलो खड्किलो रहेको बताउँदै संरक्षण गर्नेले निर्वाधरुपमा उपयोग गर्ने निती आवश्यक रहेको बताउनुभयो । सामुदायिक वन उपभोक्ता महासंघका केन्द्रीय सचिव ठाकुर भण्डारीले स्थानीय जनतालाई सर्वसुलभ तरिकाले वन पैदावार उपग गर्नका लागि डिभिजन र सवडिभिजन कार्यालयको अधिकारलाई स्थानीय तहमा हस्तान्तरण गरिनुको विकल्प नभएको वताउनुभयो । कृषि वन, पर्यापर्यटन विकाससँगै वन उद्यम सञ्चालन गर्दा वाह्य नभई समुहबाटै हुनु पर्नेमा जोड दिदै स्थानीय पालिकाले वन ऐन निर्माण गरि कार्यान्वयन गर्नुपर्नेमा उहाँको जोड दिनुभयो । कार्यक्रममा सामुदायिक वनका बिभिन्न पदमा रहि कार्य सम्पादनका क्रममा स्थानीय र प्रदेशमा निर्वाचित जनप्रतिनिधिलाई सम्मानपत्रले सम्मान गरिएको थियो । महासंघ स्याङजाका अध्यक्ष दोवबहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा आँधीखोजा गाउँपालिकाका अध्यक्ष विश्वराज पौडेल,फेदीखोला गाउँपालिकाका अध्यक्ष धनश्याम पौडेल, विरुवा गाउँपालिकाका अध्यक्ष सूर्य कुँवर, नेकाका सुरजकुमार अधिकारी, राप्रपाका पदम श्रेष्ठ, पत्रकार ओमप्रकाश शर्मा लगायतले सामुदायिक वनको महत्व र उपयोगीता बारेमा चर्चा गर्नुभएको थियो । अधिवेशनमा दोवबहादुर कार्कीले सांगठनिक र कोषाध्यक्ष सिता नेपालीले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

# साउदी अरेवीया र कुवेत विजयी

**रासस**
काठमाडौं, ९ बैशाख

एसीसी प्रिमियर कप क्रिकेट प्रतियोगिताअन्तर्गत शनिबारभएका खेलमा साउदी अरेवीया र कुवेत विजयी भएका छन् । साउदी अरेवीयाले कतारलाई सात विकेटले तथा कुवेतले बहराइनलाई दुई विकेटले पराजित गरेको हो ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङ गरेको कतारले निर्धारित ५० ओभरको खेलमा ४९ दशमलव पाँच ओभर खेल्दै सबै विकेट गुमाएर दुई सय १६ रन बनायो । दुई सय १७ रनको लक्ष्य साउदी अरेवीयाले ३४ दशमलव दुई ओभरमा तीन विकेट गुमाएर पूरा गर्‍यो । साउदीका लागि अब्दुल वाहिदले शतकीय पारी खेले । उनले एक सय आठ बलमा एक सय २४ रन बनाए । यस्तै वकार उल हसनले ५५ तथा हिसम शेखले अविजित २१ रन बनाए । बलिङतर्फ कतारका लागि इक्रमुल्लाह खानले दुई तथा खुरम शाहजादले एक विकेट लिए । यसअघि ब्याटिङ गर्दै कतारका लागि मोहमद तनवीरले ४६, कमरान खानले ३६, इमाल लियाङ्गेले ३१ तथा मोहमद रिजलानले २८ रन बनाए । बलिङतर्फ साउदीका इशितयाक अहमदले चार तथा अतिफ उर रहमान, जैन उल अवीदिन र अहमद बलादर्फले दुई दुई विकेट लिए । यसैगरी मुलपानी क्रिकेट मैदानमा भएको अर्को खेलमा टस हारेर बहराइनले पहिला ब्याटिङ गर्दै निर्धारित ५० ओभरमा सात विकेट गुमाएर दुई सय ५५ रन बनायो । दुई सय ५६ रनको लक्ष्य कुवेतले ४४ दशमलव दुई ओभरमा दुई विकेट गुमाएर पूरा गर्‍यो । कुवेतका लागि यासिन पटेलले अविजित ६३, अदनान इद्रिसले ५६ तथा मित भावसरले ५४ रन बनाए । बलिङतर्फ बहराइनका लागि अब्दुल मजिदले तीन विकेट लिए । यसअघि ब्याटिङ गर्ने क्रममा बहराइनका लागि इमरान अनवरले ५३ तथा फैज अहमदले ४८ रन बनाए । बलिङतर्फ कुवेतका लागि सैयद मोनिवले चार विकेट लिए ।

# एकाउन्न दिनमा 'छक्का पञ्जा ४'

**रासस**
काठमाडौं, ९ बैशाख

गत फागुन १९ गतेदेखि प्रदर्शनमा रहेको चलचित्र 'छक्का पञ्जा ४' ले काठमाडौं उपत्यकाका एघार र मोफसलका छ हलमा एकसाथ एकाउन्न दिन पार गरेको छ । यो समूहको अघिल्ला चलचित्र झैं यसलाई पनि दर्शकले माया दिएका छन् ।

अभिनेता, निर्माता तथा लेखक दीपकराज गिरीले दर्शकको मायाले दायित्व थपिएको बताउनुभयो । "हामीले चलचित्र निर्माण गरेदेखि नै एकाउन्न दिनको यात्रा तय गरिरहेका छौं, यसले दायित्व थपेको छ, हामीले अझैं मेहनती भएर दर्शक मन जित्नुपर्ने हुन्छ", गिरीले भन्नुभयो । दर्शकले सामाजिक सञ्जालसँगै विविध माध्यममार्फत 'छक्का पञ्जा ५' ल्याउनुपर्ने माग राखिरहेका छन् ।

'छक्का पञ्जा' को पाँचौं शृङ्खला घोषणा हुने सम्भावना रहेता पनि आधिकारिक निर्णय नभएको अर्का निर्माता तथा कलाकार निर्मल शर्माले बताउनुभयो । "हामी समूहमा छलफल गरेर निर्माण लिनेछौं, हाम्रो एकाउन्न दिनको यात्रामा रु २० करोड बढीको कूल व्यापार भएको छ, दर्शकले दिनुभएको मायाले हामीलाई अगाडि बढ्न हौसला मिलेको छ", कलाकार शर्माले भन्नुभयो ।

# लायन्स क्लब अफ पोखरा गण्डकी प्रदेशको अध्यक्षमा श्रीस

**पोखरापत्र संवाददाता**
पोखरा, ९ बैशाख

लायन्स क्लब अफ पोखरा गण्डकी प्रदेशको लायन वर्ष २०२३/२०२४ को अध्यक्षमा लायन रूद्रबहादुर श्रीस सर्वसम्मत निर्वाचित हुनुभएको छ ।

क्लबको शनिबार सम्पन्न निर्वाचनबाट अध्यक्षमा लायन श्रीस सर्वसम्मत चुनिनुभएको हो । उहाँ यसअघि, क्लबको प्रथम उपाध्यक्ष हुनुहुन्थ्यो । लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एम, रिजन ९, जोन १९ अन्तर्गत रहेको सो क्लबको लायन वर्ष २०२३/०२४ को प्रथम उपाध्यक्षमा लायन सन्तु सुवेदी, द्वितीय उपाध्यक्षमा लायन सुशीला रामदाम र तृतीय उपाध्यक्षमा लायन बिनिता सुवेदी सर्वसम्मत निर्वाचित हुनुभएको छ । क्लबको सचिव, कोषाध्यक्षलगायतका अन्य पदाधिकारी भने निकट भविष्यमा चयन गरिने क्लबकी २०२२/०२३ की अध्यक्ष लायन उषा थापाले जानकारी दिनुभयो ।

क्लबको निर्वाचनका अवसरमा बोल्दै लायन्स क्लब इन्टरनेशनल, डिष्ट्रिक्ट ३२५ एम, नेपालका रिपोर्टिङ चिफ लायन कुलचन्द्र शर्माले व्यक्तिको नेतृत्व विकास र सामाजिक सेवाका लागि लायनवाद एउटा राम्रो माध्यम बन्न सक्ने बताउनुभयो । अन्तर्राष्ट्रिय रुपमा प्रतिष्ठित क्लबमा आबद्ध भएर धेरै सामाजिक काममा आफूलाई संलग्न गराउन सकिने भन्दै उहाँले लायनवाद र लायन्सका बारेमा बुझेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो । स्थापनाको छोटो समयमा नै लायन्स क्लब अफ पोखरा गण्डकी प्रदेशले डिष्ट्रिक्टमा राम्रो छाप पार्न सफल भएको भन्दै लायन शर्माले आगामी दिनमा पनि क्लबलाई दीर्घकालीन योजनाका साथ अघि बढाउन सुझाव दिनुभयो । त्यस्तै, लायन्स क्लब इन्टरनेशनल, डिष्ट्रिक्ट ३२५ एम, नेपाल, रिजन ९, जोन १९ की जोन चेयरपर्सन एवं क्लबकी संस्थापक अध्यक्ष लायन कोपिला श्रीसले क्लबका सबै सदस्यहरूको साथ र सहयोगले नै क्लबलाई नयाँ उचाइसम्म ल्याइपुऱ्याउन सकिएको उल्लेख गर्दै आबद्धता र सक्रियतालाई निरन्तरता दिनु चुनौतीपूर्ण रहेको बताउनुभयो । क्लबको अस्तित्व बचाइराख्न क्लबका सबै सदस्यले एकताबद्ध भएर अघि बढ्नुपर्ने उहाँको भनाइ थियो । क्लबका निवर्तमान अध्यक्ष लायन कुशराज सुवेदीले क्लबमार्फत् धेरै सामाजिक कार्यमा जोडिन सकिने भन्दै सामाजिक कार्यका लागि शहर भन्दा पनि ग्रामीण क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गर्नुभयो । क्लबको नेतृत्वकर्ताले समय दिएर नियमित बैठक र कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने भन्दै उहाँले उपयुक्त जिम्मेवारी बाँडफाँड गर्न सके काम गर्न सहज हुने उल्लेख गर्नुभयो । क्लबका निर्देशक लायन सुरेन्द्र थापाले आफूले क्लबको विकासका लागि सधैं सहयोग गर्न तत्पर रहेको बताउनुभयो । क्लबका नवनिर्वाचित अध्यक्ष लायन रूद्रबहादुर श्रीसले आगामी वर्षका लागि सबैको साथ लिएर क्लबलाई नयाँ उचाइमा पुऱ्याउन काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ९ शान्ति दर्शन पार्कबाट दयाको घरसम्म जाने कच्ची बाटो ढलान र नाली निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

योजनाको नामः शान्ति दर्शन पार्कबाट दयाको घरसम्म जाने कच्ची बाटो ढलान तथा नाली निर्माण

स्थानः पोखरा-९, शान्ति वन वाटिका, कास्की

योजना शुरु हुने मिति : २०७९/०९/०२ गते

योजना सम्पन्न हुने मिति : २०७९/१२/३० गते

योजना सम्पन्न भएको मितिः २०७९/१२/२९ गते

योजनाको कूल लागत : रु. ७,५०,२०२ ।-

महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.६,००,००० ।-

जन सहभागितावाट : रु.१,५०,२०२ ।-

उपभोक्ता समिति अध्यक्षः राजेश पहारी

**शान्ति दर्शन पार्कबाट दयाको घरसम्म जाने कच्ची बाटो ढलान तथा नाली निर्माण उपभोक्ता समिति**
**पोखरा-९, शान्ति वन वाटिका**

# यी हुन् गण्डकी प्रदेश सरकारको सय दिनका उपलब्धि

– रामबहादुर थापा
पोखरा, ९ बैशाख (रासस)

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले सरकारको नेतृत्व सम्हालेको सय दिन पूरा भएका अवसरमा सरकारले गरेका उपलब्धि सार्वजनिक गर्नुभएको छ।

गत पुस २५ गते गण्डकी प्रदेश सरकारको तेस्रो मुख्यमन्त्री बन्नुभएका उहाँले शुक्रबार पत्रकार सम्मेलनमार्फत सरकारका १८ बुँदे उपलब्धि सार्वजनिक गर्नुभएको हो । मुख्यमन्त्री अधिकारीले मन्त्रालयको सङ्ख्या १२ बाट घटाएर सातमा पुर्‍याउनुलाई वर्तमान सरकारको मुख्य उपलब्धिका रुपमा उल्लेख गर्नुभयो। मन्त्रालय घटाउँदा सरकारको व्ययभार ८० देखि ९० करोडसम्म घट्ने उहाँले बताउनुभयो । मुलुकको वर्तमान आर्थिक अवस्था, प्रदेशको आन्तरिक आय र जनचाहनासमेतलाई दृष्टिगत गरी मन्त्रालयको सङ्ख्या कटौती गरिएको उहाँको भनाइ छ । मिर्गौलाका बिरामीलाई निःशुल्क डायलासिस सेवा प्रदान गर्न सङ्क्रामक तथा सरुवा रोग अस्पतालमा २५ शयूया क्षमताको डायलासिस केन्द्र स्थापनालाई अर्को महत्वपूर्ण उपलब्धिका रुपमा लिइएको छ।

डायलासिस केन्द्रका लागि जनशक्ति व्यवस्थापनदेखि उपकरण खरिदको प्रक्रिया अगाडि बढिसेको उहाँले बताउनुभयो । उक्त केन्द्र सञ्चालनमा आएपछि गण्डकीमै डायलासिस सेवाको प्रतिक्षामा रहेका झण्डै तीन सय बिरामीको माग सम्बोधन हुने उहाँको भनाइ छ। हाल गण्डकी प्रदेशभित्रका नौ सरकारी र छ वटा निजी गरी १५ स्वास्थ्य संस्थाबाट डायलासिस सेवा प्रदान हुँदै आएको छ । उक्त क्षमताले नभ्याएका कारण कतिपय बिरामीले प्रदेश बाहिरका अस्पतालबाट सेवा लिन बाध्य छन् । सङ्घीय निजामती सेवा ऐन जारी नभएको स्थितिमा प्रदेश निजामती सेवा ऐन २०७९, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ र गण्डकी प्रदेश निजामती सेवा नियमावली २०७९ जारी गरिएको सरकारको उपलब्धिमा उल्लेख छ । यस्तै केही प्रदेश कानुन संशोधन ऐनमार्फत ३४ ऐनहरूको संशोधन गरिएको जनाइएको छ। औद्योगिक क्षेत्रलाई चाहिने जग्गा, प्रदेश सरकारका मन्त्रालय र कार्यालयले उपयोग गरेको भवन तथा जग्गाको स्वामित्व हस्तान्तरणका लागि सङ्घ सरकारलाई अनुरोध गरिएको मुख्यमन्त्री अधिकारीले बताउनुभयो । पचासभन्दा बढी सडक, जलविद्युतूलगायत पूर्वाधार आयोजनाका लागि जग्गा उपलब्ध गराउन सङ्घ सरकारसमक्ष सिफारिस गरिएको उहाँले उल्लेख गर्नुभयो।

कोभिड-१९ महामारीबाट प्रभावित साना व्यवसायीको कर्जामा ब्याज सहुलियतका लागि रु १३ करोड निकासा गरिएको जनाइएको छ । किसानलाई व्यावसायिक बनाउन कृषि र पशु बीमालाई निःशुल्क बनाइएको मुख्यमन्त्री अधिकारीले बताउनुभयो । जोखिममा परेका गर्भवती र सुत्केरी महिलाको हवाई उद्धार कार्यविधि २०७९ तयार गरिएको उपलब्धिमा उल्लेख छ। यस अवधिमा सडक तथा पूर्वाधारतर्फ दुई सय ४१ योजनाको ठेक्का सम्झौता भएको र ५१ किमी सडक कालोपत्र भएको जनाइएको छ। राष्ट्रका लागि चाहिने स्वयंसेवक उत्पादन गर्न आधारभूत तहका विद्यालयमा मानव उपयोगी आधारभूत सीप सम्बन्धि पाठ्यक्रम विकास गर्न लागिएको मुख्यमन्त्री अधिकारीले बताउनुभयो। यस्तै ‘ एक स्थानीय तह, एक खेल मैदान’ कार्यक्रमअन्तर्गत १५ वटा खेल मैदान निर्माणका लागि सम्झौता भएको उहाँले उल्लेख गर्नुभयो। प्रदेश संरचनाको औचित्यमाथि प्रश्न उठिरहेका बेला संविधानले परिकल्पना गरेअनुसार जनजीविकाका मुद्दालाई बलियो रुपमा प्रस्तुत गर्न ठोस कदम चालिएको मुख्यमन्त्री अधिकारीले बताउनुभयो । गण्डकी प्रदेशको विकास, समृद्धि र सुशासनमा टेवा पुग्ने गरी सरकारले कार्यसम्पादन गरेको उहाँको भनाइ छ । एमालेसहित नेकपा (माओवादी केन्द्र) र राष्ट्रिय प्रजातन्त्र पार्टीको समर्थनमा गत पुस २५ गते अधिकारी नेतृत्वको सरकार गठन भएको थियो । माओवादी केन्द्रले समर्थन फिर्ता लिएपछि गत चैत १० गतेदेखि सरकार अल्पमतमा छ । सत्ता साझेदार दलले समर्थन फिर्ता लिएको ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था अनुसार मुख्यमन्त्री अधिकारीले प्रदेशसभाबाट शनिबार विश्वासको मत लिँदै हुनुहुन्छ । साठी सदस्यीय प्रदेशसभाको विश्वास लिन मुख्यमन्त्रीलाई ३१ प्रदेशसभा सदस्यको समर्थन आवश्यक पर्छ । अहिलेकै स्थितिमा मुख्यमन्त्री अधिकारीले विश्वासको मत पाउने सम्भावना कम छ।

# हिमालय मावि मौजाको स्वर्ण महोत्सवको आयब्यय सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा, ९ बैशाख



हिमालय माध्यमिक विद्यालय, पोखरा २० मौजाको स्वर्ण महोत्सवको समिक्षा बैठक तथा आम्दानी खर्च, आय ब्यय विवरण सार्वजनिक गरिएको छ।

शनिबार आयोजना गरिएको एक कार्यक्रममा फागुन ९, १० र ११ गते भएको विद्यालयको स्वर्ण महोत्सवको आम्दानी खर्च, आय ब्याय विवरण समिक्षा बैठकका क्रममा सार्वजनिक गरिएको हो। स्वर्ण महोत्सव मूल आयोजक समिति अन्तर्गत गठीत अर्थ संकलन उपसमितिका संयोजक क्या.हिक्मत गुरुङले आय ब्यय सार्वजनिक गर्दै श्री हिमालय मावि मौजाको स्वणमहोत्सव को अवसरमा आम्दानी तर्फ ४९ लाख, ८७ हजार,४ सय १२ रुपयाँ संकलन गरिएको जानकारी दिनुभयो।

त्यस्तै खर्च तर्फ ५ लाख, १६ हजार, ३ सय ३८ रुपयाँ भएको तथा आम्दानीबाट खर्च घटाई जम्मा ४४ लाख,७१ हजार,७४ रुपयाँ बचत गर्न सफल भएको जानकारी दिनु भयो । उहाँले स्वर्ण महोत्सवका अवसरमा विभिन्न क्षेत्रका ५ सय, ९० सहयोगदाताहरुबाट सो रकम संकलन गरिएको जानकारी पनी दिनुभयो । कार्यक्रममा स्वर्ण महोत्सव मूल आयोजक समितिका संयोजक सु. हुम बहादुर गुरुङले स्वर्ण महोत्सवबाट बचत रकम, विद्यालयको शैक्षिक तथा भौतिक विकाशमा नै खर्च गरिने हो भन्दै हामीले अर्थ संकलन का क्रममा जुन उद्देश्यहरु राखेर संकलन गरेका थियौं सोही अनुरुप सञ्चालन गरिने जानकारी दिनुभयो।

आयब्यय सार्वजनिक कार्यक्रममा स्वर्ण महोत्सव मूल आयोजक समितिका सह संयोजक खर्कमान गुरुङ, हिमालय मा वि मौजाका विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद गुरुङ, प्रधानाध्यापक तथा स्वर्ण महोत्सव मूल आयोजक समितिका सदस्य सचिव मणिराज परियार, पोखरा महानगरपालिका वडानं २०का वडा सदस्य गञ्जमान गुरुङ, नेपाल पत्रकार महासंघ कास्की शाखाका सह सचिव श्रीराम सिग्देल, स्वर्ण महोत्सव मूल आयोजक समिति अन्तर्गत गठीत अर्थ समितिका कोषाध्यक्ष, सु.झलक बहादुर गुरुङ, नेपाली कांग्रेस पोखरा २० ईकाई सभापति तीलबहादुर गुरुङ, महेन्द्र मावि भलाम बिध्यालय ब्यवस्थापन समिति का अध्यक्ष चित्रबहादुर क्षेत्री, समाजसेवी प्रेमबहादुर गुरुङ, शिक्षक डोलराज रेग्मी, भुपु बिध्यार्थी भोजबहादुर गुरुङ, लगायतका महानुभावहरुले हिमालय मा वि मौजालाई अब समयानुकूल, प्राविधिक, प्रतिस्पर्धात्मक शैक्षिक केन्द्रका रुपमा बिकास गर्नु पर्नेमा जोड दिएका थिए।

# बागलुङमा डढेलोले ४५० हेक्टर वन सखाप

पोखरापत्र संवाददाता
पोखरा, ९ बैशाख

सुक्खायाम सुरु भएसँगै बागलुङको करिब चार सय ५० हेक्टर वन क्षेत्रमा आगलागी भएको छ। पाँच राष्ट्रिय र १७ सामुदायिक वनमा आगलागी भएको हो।

गत माघ १८ गते पहिलो पटक जिल्लाको तमानखोला गाउँपालिकाको खुंखानीमा पर्ने हापली छहरा मठुरे राष्ट्रिय वनमा आगलागी भएको थियो । चार दिनसम्म फैलिएको आगलागीले दुई सय हेक्टर वन क्षेत्र मासेको डिभिजन वन कार्यालय बागलुङको तथ्याङ्क छ । गतमाघदेखि सुरु भएको आगलागीको शृङ्खला रोकिएको छैन। बस्ती नजिकैका सामुदायिक तथा निजी आवादी वन क्षेत्र र सामुदायिक तथा राष्ट्रिय वनमा आगलागी भइरहेको डिभिजन वन अधिकृत मुकुन्दप्रसाद अधिकारीलेबताउनुभयो।जानीजानी वा दुर्घटनावश बिहीबारसम्म बागलुङका २२ वनमा डढेलो लागेको तथ्याङ्क छ। केही तथ्याङ्क भने आउनै बाँकी छ।

यस वर्ष सबैभन्दा धेरै आगलागी बागलुङ नगरपालिकाका वनमा भएको छ। बागलुङ नगरपालिकाका छ सामुदायिक वन र एक ठाउँमा राष्ट्रिय वन क्षेत्रमा आगलागी भएको हो। जैमिनी नगरपालिकाका पाँच, बडिगाडका तीन, काठेखोलाका दुई र तमानखोला, निसीखोला र बरेङ गाउँपालिका तथा ढोरपाटन नगरपालिकाको एक/एक वनमा आगलागी भएको छ । जिल्लामा एक लाख पाँच हजार पाँच सय एक हेक्टर जमिनमा वन फैलिएको छ । जिल्लाभर पाँच सय २७ सामुदायिक वन ३३ हजार नौ सय नौ हेक्टरमा फैलिएका छन् भने, आठ दर्ता भएका निजी र बाँकी राष्ट्रिय वन क्षेत्र रहेको सहायक वन अधिकृत मदन कँडेलले बताउनुभयो । गत वर्ष हिउँदमा वर्षा हुँदा बागलुङका वन क्षेत्रमा आगलागी भएको थिएन। एकाध वन क्षेत्रमा लागेको आगोसमेत समयमै स्थानीयले नियन्त्रणमा लिएका थिए। यस वर्ष हिउँद सुक्खा हुँदा अधिकांश वन क्षेत्र आगलागीको जोखिममा परेको वन अधिकृत अधिकारीले बताउनुभयो । वर्षा नभएसम्म बाँकी रहेका वन क्षेत्रसमेत आगलागीको जोखिममा छन्। “गत वर्ष डढेलो नलागेकाले वनमा कुहिएका काठ र पात पतिङ्गर सङ्कलन भएर बसेका थिए”, उहाँले भन्नुभयो, “थुप्रो लागेका काठ, पात र झाडीका कारण यो वर्ष वन थप जोखिममा परे, आगलागी भएको ठाउँमा नियन्त्रण गर्न कठिन भयो।” डढेलोको सम्भावित जोखिम भएका ठाउँमा सचेतनामूलक कार्यक्रम गर्ने, अग्निरेखा बनाउने तालिम, आगलागी भइहालेमा रोकथाम र नियन्त्रणका लागि सुरक्षा निकायलाई उपकरण उपलब्ध गराउनेलगायतका काम गरिएको उहाँले बताउनुभयो। वनमा आगो लगाउनेलाई बिगो असुल, तीन वर्ष कैद सजाय, रु ६० हजार जरिवाना वा ती सबै सजाय हुने कानुनी व्यवस्था छ तर, वनमा आगो लागउनेको पहिचान हुन सकेको छैन । जङ्गली जनावरबाट बच्न, वर्षायाममा मल हुने लोभलगायतका कारणबाट वनमा आगो लगाउने गरेको पाईन्छ । खरबारीमा डढेलो लगाएमा नयाँ घाँस राम्रो र बाक्लो पलाउँछ भनेर पनि आगो लगाउँदा नियन्त्रणभन्दा बाहिर गई क्षति हुने गरेको छ । वनजङ्गलमा आगलागी हुँदा बस्तीमा ल्याइएका पानीका पाइप पोलिएर कयौँ ठाउँमा खानेपानीको समस्या छ भने कतिपय जङ्गल क्षेत्रमा रहेका महत्वपूर्ण जडीबुटी जलेका छन्।

# डेढ दशकमा बाढीपहिरामा परी ७५ को मृत्यु, सोह्र अझै बेपत्ता

रासस
ढोरपाटन, ९ बैशाख

बागलुङमा हरेक वर्ष बाढीपहिरामा परी धेरैले ज्यान गुमाउने गरेका छन् । तल समथर भूभाग माथि अग्लो पहाड । त्यसमाथि हुने जतात्यतै डोजरको प्रयोगले हुने विकासले बाढीपहिरो र भूक्षयको जोखिम बढिरहेको छ। बर्सातको समयमा बाढीपहिराले सयौँ क्षेत्रफल खेतीयोग्य जमिन बगाउने गरेको छ भने बस्तीसमेत बगाउने गरेको छ।

जिल्लामा बर्सेनि पहिराका कारणले जनधनको क्षति हुने गरेको विगतको तथ्याङ्कले छ । पन्ध्र वर्षयताको बाढीपहिराको तथ्याङ्क हेर्दा ७५ जनाको ज्यान गएको छ भने १६ जना बेपत्ता छन् । विसं २०६४ देखि २०७९ सम्म बागलुङमा दर्जनौँ बस्ती विस्थापित भएका छन्। जिल्ला प्रशासन कार्यालयले बेपत्ता नागरिकको परिवारलाई मृतक सरह राहत रकम प्रदान गरेको छ। पन्ध्र वर्षको अवधिमा पहिराबाट सबैभन्दा बढी ढोरपाटन नगरपालिका र बडिगाड गाउँपालिका क्षेत्रमा मानवीय क्षति भएको छ । हालको बडिगाड गाउँपालिकामा पर्ने साबिकको ग्वालिचौरमा विसं २०६४ मा गएको पहिरामा परी २९ जनाले ज्यान गुमाएका थिए । पहिरामा बेपत्ता भएका नागरिकलाई पनि मृतकमै गणना गर्ने हो भने ढोरपाटन-९ मा विसं २०७७ मा गएको पहिराले जिल्लामा अहिलेसम्मकै सबैभन्दा ठूलो मानवीय क्षति गरेको छ । उक्त पहिरामा परी २३ जनाको मृत्यु भएको थियो । पन्ध्र जना बेपत्ता छन् । बेपत्तालाई मृतकका सूचीमा राख्ने हो भने पहिरामा परी मृत्यु हुनेको सङ्ख्या ५५ पुग्छ। जिल्ला विपद् व्यवस्थापन समितिको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने सिलसिलामा प्रकोपको स्तरीकरण गर्दा पहिराको प्रकोप एक नंमा परेको प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठले बताउनुभयो । जिल्लामा हरेक वर्ष हुने मनसुनजन्य प्रकोपबाट मानवीय क्षति भएकै छ।

विसं २०७५ असार ११ गते बरेङ गाउँपालिका-१ धुल्लुबासकोटको पहिरामा दुई, २०७५ साउन ३० गते निसीखोला गाउँपालिका-३ मा पहिरो गई घर पुरिँदा तीनजनाको मृत्यु भएको थियो । मनसुन आपत्कालीन योजनामा समावेश तथ्याङ्कअनुसार २०७६ साल साउन ७ गते गलकोट नगरपालिका-८ ज्यामिरेको पहिरामा एक, २०७६ साउन २० गते तमानखोला गाउँपालिका-४ लाम्मेला शिवपुरीमा पहिरो गई तीनजनाको मृत्यु भएको उल्लेख छ। जिल्लाको काठेखोला गाउँपालिका-४ मा २०७७ साल असार ६ गते पहिरो गई एक, २०७७ साउन १० बागलुङ नगरपालिका-१ मा आएको पहिराले पुरिएर एकजनाको मृत्यु र एक बेपत्ता भएका थिए । निसीखोला-१ मा २०७७ साउन १२ गतेको पहिराले एकजना सोही दिन तमानखोला-२ मा आएको पहिरामा परी दुई, २०७७ साउन ३० गते निसीखोला-३ का एकजना र निसीखोला-५ का दुईजनाको मृत्यु भएको थियो । ढोरपाटन-२ मा २०७७ साल भदौ ९ मा एक, ढोरपाटन-१० मा भदौ १६ गते आएको बाढीपहिराले एकको मृत्यु भएको थियो । विसं २०७७ कै भदौ २७ मा बडिगाड-१० मा एक, भदौ २८ र २९ गतेको पहिरामा परी जैमिनी-२ मा दुई र वडा नं ५ मा एकजनाको मृत्यु भएको थियो । समग्रमा २०७७ सालमा बागलुङमा ४० जनाको बाढीपहिरो चट्याङबाट मृत्यु भएको, १६ जना बाढीपहिरामा बेपत्ता भएको थिए। विसं २०७८ असारको वर्षाका कारण बागलुङ-कुश्मिसेरा सडकको गलुवा खण्डमा पहिराबाट क्षतिग्रस्त सडक साउन ३ गतेदेखि सञ्चालन गरिएको थियो।

गत वर्षको असोज ३१ गतेदेखि परेको बेमौसमी वर्षाका कारण जिल्लाभरिका तीन हजार पाँच सय कृषकको चार सय १० हेक्टर क्षेत्रफलमा लगाइएको धानबालीमा समेत प्रभाव पारेको थियो । एकचालीस कृषकको एक सय चार रोपनी क्षेत्रफलमा लगाइएको धानबाली पूर्ण रूपमा क्षति भएको थियो । पहिराले विस्थापित परिवार हिउँदमा जीर्ण घरमै बसे पनि बर्खा लागेपछि थातथलो छाडेर अन्तै सर्नुपर्ने स्थिति छ।

# म्याग्दीको दुई सामुदायिक वनमा डढेलोबाट ३० हेक्टर वन क्षेत्रमा क्षति

रासस
म्याग्दी, ९ बैशाख

म्याग्दीको बेनी नगरपालिका-१ रत्नेचौरको अर्जम र बेनपा-२ ज्यामरुककोटको रानीवन सामुदायिक वनमा आज सल्किएको डढेलो साँझसम्म पनि नियन्त्रणमा आउन सकेको छैन।

डढेलोले दुईवटै सामुदायिक वनको गरी करिब ३० हेक्टर वन क्षेत्रमा क्षति पुऱ्याएको स्थानीय पदम खड्काले जानकारी दिनुभयो । वैशाख महिना सुरु भएयता जिल्लाका विभिन्न ठाउँका जङ्गलमा भएको आगलागीले जिल्लामा एक सयभन्दा बढी हेक्टर वन क्षेत्रमा क्षति पुगेको छ । गत आइतबार दिउँसोदेखि जिल्लाको बेनी नगरपीलका-३ भकिम्लीको गजुरे सामुदायिक वनमा भएको भीषण आगलागी सोमबार साँझ नियन्त्रणमा आएको थियो । त्यसैगरी अघिल्लो शुक्रबारदेखि बेनी नगरपालिका-२ ज्यामरुककोटको सल्लेरी सामुदायिक वनमा र अर्थुङ्गे सामुदायिक वनमा भएको आगलागी नियन्त्रणमा आएको जिल्ला वन डिभिजन कार्यालय म्याग्दीले जनाएको छ । शनिबार रत्नेचौरको अर्जम सामुदायिक वन र ज्यामरुककोटको रानीवन सामुदायिक वनमा भीषण आगलागी भएको छ। आगलागी बस्तीमा पस्ने त्रासमा गाउँले नियन्त्रणमा जुटेका छन् । सामुदायिक वनबाट सुरु भएको आगो फैलिँदै गएको बेनी नगरपालिका-२ का वडासचिव राजाराम शर्मा सापकोटाले जानकारी दिनुभयो । “अहिलेसम्म दुवै सामुदायिक वनको कम्तीमा ३० हेक्टर क्षेत्रफल आगलागीले ध्वस्त बनाएको छ, बस्तीमा पुग्न नदिन गाउँले नियन्त्रणमा जुटेका छन्”, स्थानीय पदम खड्काले भन्नुभयो । यता डिभिजन वन कार्यालय म्याग्दीका प्रमुख मनोज रानाभाटले आगलागी क्षेत्रमा कर्मचारी र स्थानीयवासी आगो नियन्त्रणमा लिन जुटेका जानकारी दिनुभयो । आगो कसले र किन लगाएको भन्नेबारे पनि नखुलेको स्थानीयको भनाइ छ । गाउँलेले बस्तीमा आगो पस्ने त्रासले बस्ती आसपासका क्षेत्रमा अग्निरेखा बनाउन जुटेका छन्। उक्त सामुदायिक वनमा बाँदर, खरायो, मृगलगायतका जनावर र चराचुरुङ्गीको बासस्थान थियो। सुकेका रुखका मुढाका कारण आगो लामो समय रहिरहेको छ।

यसैबीच यसवर्ष जिल्लाभर एक सय बढी हेक्टर क्षेत्रफलमा आगलागी भएको डिभिजन वन कार्यालय म्याग्दीले जनाएको छ । डढेलोका कारण सदरमुकाम बेनी आपासका क्षेत्रमा वायु प्रदूषण बढेको छ । कति क्षेत्रफलमा आगलागी भयो र त्यसले कति क्षति भयो भन्ने विवरण सङ्कलनको काम चलिरहेको भन्दै उहाँले बुधबारसम्ममा सबै यकिन हुने जानकारी दिनुभयो । आगलागीमा संलग्न जो-कोहीलाई पनि वन ऐन, २०७६ अनुसार कारबाही गरिने पनि रानाभाटले बताउनुभयो।

# पोखराका स्पन्दन साउथ एसिया टेनिसमा छनौट

पोखरापत्र संवाददाता
पोखरा, ९ बैशाख

पोखराका स्पन्दन उदास साउथ एसिया रिजनल टेनिसको लागि छनोट भएका छन्।

बैशाख ७ गते सम्पन्न भएको नेपाल टेनिस एसोसिएसनले आयोजना गरेको यु-१२ ब्वाइज टेनिसबाट उनी उत्कृष्टताको आधारमा छनौटमा परेका हुन्।



उनले अब आगामी जेष्ठ २ देखि ६ गते सम्म बंगलादेशको ढाकामा आयोजना हुने आइटिएफ साउथ एसिया टिममा प्रतिस्पर्धा गर्न नेपालको प्रतिनिधित्व गर्दै सहभागिता जनाउने छन्। उनीसँगै सो प्रतियोगितामा भाग लिन काठमाडौंका असम सम्राट हाडा र युभेनमान श्रेष्ठ पनि ढाका जाँदै छन्। पोखराको गण्डकी बोर्डिङमा कक्षा ७ मा अध्ययनरत उनी पोखरा महानगरपालिका वडा ३ का स्थानीय हुन्। सानै उमेर देखिनै टेनिस खैल्दै आइरहेका उनले राष्ट्रिय स्तरका प्रतियोगितामा समेत सफलता प्राप्त गर्दै आइरहेका छन्।